# धुलिखेल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धुलिखेल काभ्रे

अरनिको चोक पार्किङ्ग शुल्क तथा शौचालय सन्चालन कार्य वडा नं.७

# शिलबन्दी बोलपत्र फारम

## आ.व–०७४/०७५

फारम दस्तुर : रु १०००/ अक्षेरेपी एकहजार (पछि फिर्ता नहुने)

# धुलिखेल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रे

## आय आर्जन ठेक्का बन्दोबस्त आव्हानको सूचन

प्रथम पटक प्रकाशित मिति : २०७४।४।१२

यस नगरपालिका क्षेत्रभित्रका तपसिलका स्थानहरुमा धुलिखेल नगरपालिका आर्थिक ऐन २०७४ को अनुसूची १० र १३ बमोजिमको दररेटमा शुल्क उठाई नगरपालिका आयस्तरमा सुधार गर्न शुल्क उठाउनुपर्ने भएकोले उक्त कार्यमा शुल्क उठाए बा नगरपालिकालाई वार्षिक रुपमा के कति रकम उपलब्ध गराउन सकिने हो सो समेत स्प रुपमा खुलाई इच्छुक व्यक्ति, इजाजत प्राप्त (रजिष्टर्ड) मूल्य अभिवृद्धि कर (भ्याट) मा द भएका फर्म, सप्लायर्स, उत्पादक गैर सरकारी संघ संस्थाबाट गर्न गराउनु पर्ने भएको हुँदा य कार्यालयद्धारा तोकिएका समयमा सोको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। दरभाउप फाराम यस कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखाबाट रु. १०००। (अक्षरेपी एक हजार) मात्र पछि फिर्ता नहुने गरी नगदै तिरी प्रोपाइटर वा निजले अख्तियार दिए व्यक्तिद्धारा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समय खरिद गरी १६ औं दिन १२:०० बजे भित्र दर्ता गर्न सकिनेछ।

कार्यहरु :

क) चोक सुधार पार्किङ्ग क्षेत्रमा सशुल्क पार्किङ्ग उठाउने कार्य - वडा नं. ७

ख) अरनिको चोक पार्किङ्ग तथा शौचालय संचालन कार्य - वडा नं. ४

ग) खेलमैदान सार्वजनिक शौचालय तथा पार्किङ्ग शुल्क उठाउने कार्य - वडा नं. ७

घ) धुलिखेल ग्रिनड्रेन पार्क संचालन कार्य - वडा नं. ७

तपसिल

१. माथि उल्लेखित कार्यहरुको छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ। कुनै एउटा वा केही कार्यहरु गर्न इच्छुक दरभाउदाताहरुले सोही क्षेत्रको मात्र शिलबन्दी दरभाउ पत्र पेश गर्न सकिनेछ।

२. कबोल गरेको अंकको २.५% रकम राष्ट्रिय बाणिज्य बैंक धुलिखेल न.पा.को धरौटी खाता नं. १०४०३०३००७१०२ मा जम्मा गर्नुपर्नेछ।

३. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सप्लायर्स वा निजका प्रतिनिधिहरु समेतको रोहबरमा १६ औं दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ।

कार्य शर्तहरु :

१ ईच्छुक बोलपत्रदाताहरुले फर्म दर्ताको अद्यावधिक इजाजत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी बोलपत्र फारम वापत रु १०००/(एकहजार ) पछि फिर्ता नहुने बुझाई सूचना प्रकाशित मितिले १५ दिन भित्रमा निवेदन दिई यस नगरपालिका कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२ शिलवन्दी बोलपत्र सम्वन्धि कागजातहरुको प्रत्येक पानामा शिलवन्दी बोलपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ । शिलवन्दी बोलपत्रमा कबोल रकम अकं र अक्षर दुवैमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा स्पष्ट संग दस्तखत भएको हुनुपर्नेछ ।

३ दाखिला हुन आएका शिलवन्दी बोलपत्र फारम १६ औ दिन १२:०० बजे भित्र दर्ता गर्न सकिने छ | र दिउँसो २:०० बजे तोकिएका सरकारी कार्यालयका प्रतिनिधीहरु र शिलवन्दी बोलपत्रदाताको प्रतिनिधीहरुको रोहवरमा यस नगरपालिका कार्यालयमा खोलिनेछ । शिलवन्दी बोलपत्रदाताका प्रतिनिधीहरु उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४ शर्त राखी (थप सुविधा दिने बाहेक) म्याद नाघी र रित नपुगी आएका शिलवन्दी बोलपत्रलाई मान्यता दिईने छैन ।

५ प्रत्येक बोलपत्रदाताले, बोलपत्र फाराममा उल्लेखित शर्तहरुको पुर्ण रुपले पालना गरेको हुनुपर्नेछ ।

६ बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७ प्रतिनिधी मार्फत शिलबन्दी बोलपत्र सम्वन्धि काम गर्नु पर्ने भए प्रचलित कानुन बमोजिम वारेस पठाउनु पर्नेछ ।

८ शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९ बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित मुल्य अकिंत परिमाण (BOQ) मा न्यूनतम अंक रु १ लाख २५ हजार भन्दा कम कबोल गरेमा उक्त बोलपत्र स्वत अस्वीकृत हुनेछ । शिलवन्दी बोलपत्र फाराममा सवै भन्दा बढी अकं कबोल गर्ने, यसमा उल्लेखित शर्तको पालना गर्ने, यस कार्यालयको स्वार्थ नबाझिएको र प्रचलित कानुन बमोजिम अयोग्य नभएको बोलपत्र कार्यालयले स्वीकृत गर्न सक्नेछ । यस सम्वन्धमा माथि जे सुकै लेखिएता पनि कुनै कारण जनाई वा नजनाई कुनै बोलपत्रदाताको बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसै बमोजिम यस सम्वन्धि ठेक्का प्रकिया समेत कार्यालयले खारेज गर्न सक्नेछ ।

१० बोलपत्रदाताले आफुले कबोल गरेको अंकको (मु.अ.कर बाहेक) २.५ प्रतिशतले हुने रकम धुलिखेल नगरपालिका कार्यालयको राष्ट्रिय बाणिज्य बैंक धुलिखेल स्थित धरौती खाता नं. १०४०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैकंबाट मान्यता प्राप्त कुनै पनि बाणिज्य बैकंहरुबाट यस कार्यालयको नाममा जारी भै शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको बिडबण्ड संलग्न राखी सूचना प्रकाशित मितिले १६ औ दिनको १२.०० बजे भित्रमा शिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । स्वीकृत भएको बोलपत्रदाताले कार्यालयले तोकेको शर्तमा सम्झौता गर्न नआएमा धरौती वापतको रकम फिर्ता गरिने छैन ।

११ यस ठेक्कामा नियमानुसार लाग्ने कर बोलपत्रदाताले आफनै तर्फबाट व्यहोर्नेछ । उक्त रकम बोलपत्रदाताले नै सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

१२ स्वीकृत बोलपत्रदाताले सम्झौता गर्न आउदाका बखत आफुने कबोल गरेको अंक एक मुष्ट रुपमा नगद जम्मा गरेमा ५ प्रतिशत रकम छुट दिईनेछ ।

१३ माथि उल्लेख भए बाहेकका विषयमा यस न.पा.को निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ । थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१४ यसमा उल्लेख नभएका कुराहरुको सम्बन्धमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५ यसमा अतिरिक्त अन्य कुराहरु थपघट गर्नु परेमा दुवै पक्षको सहमतिमा गरिनेछ ।

१६ फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१७ परिचय खुलेको न.पा.पदाधिकारी र कर्मचारी साथै अन्य न.पा. बाट भ्रमणमा आएका पदाधिकारीलाई पार्किङ्ग शुल्क लिन पाईने छैन ।

१८.वार्षिक चोक सुधार पार्किङ्ग शुल्क तथा शौचालय सन्चालन शुल्क न्युनतम अंक रु.१ लाख २५ हजार हुनेछ |

१९ यस नगरपालिका स्थित वार्ड नं ७ अन्तर्गत पार्किङ्ग क्षेत्रमा सशुल्क पार्किङ्ग शुल्क उठाउने कार्यको दररेट :

क):

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| ख | बस ,ट्रक ,लोहरी पटके | १००/०० |
| ग | मिनिबस, आदिको पटके | ४०।०० |
| घ | कार, जीप, ट्रयाक्टर आदिको पटके | ३०।०० |
| ङ | मोटरसाईकल, स्कुटर, ट्याम्पो, ठेलागाढा, रिक्सा आदिमा पटके | १०।०० |
| | नोटः सरकारी,कामका शुल्क नलिने भनी तोकिएका संघ सस्था हरुका हकमा उल्लेखित शुल्क लिईने छैन | | |

ख):

| | | |
|---|---|---|
| | **शौचालय प्रयोग शुल्क** | |
| १ | **न.पा.का स्वामित्वमा रहेका शौचालयहरु प्रयोग गरेबापत** | |
| २ | दिशा | १०।०० |
| ३ | पिसाब | ५।०० |

२० यो सम्झौता २०७४ भाद्र १ गते देखि ०७५ श्रावण मसान्त सम्मका लागि हुनेछ । विशेष परिस्थिती वाहेक पार्किङ्ग शुल्क उठाउने तथा व्यवस्थापन सम्बन्धी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप ठेकेदारले प्रस्तावना (प्रपोजल) पेश गरेमा र सो प्रस्तावना सम्बन्धित समितिलाई उपयुक्त लागेमा साविक सम्झौता रकममा थपघट हुनेगरी सम्झौता नविकरण गर्न चाहेमा दुबैपक्षको सहमतिमा गर्न सो समितिले न.पा.लाई सिफारिस गर्न सक्नेछ ।

२१ पार्किङ्ग क्षेत्र भित्र वरिपरिको सरसफाई साथै रेखदेख ठेकदार स्वयंले गर्नुपर्नेछ र ठेकेदारबाट निर्माण गरेका भौतिक संरचनाहरु र न.पा.ले निर्माण गरेका भौतिक संरचनाहरु अन्तिम समयसम्म यथास्थानमा दुरुस्त हुनुपर्नेछ ।

२२ वोलपत्र साथ दाखिला गरेको अर्नेष्ट मनि (धरौटी) रकम ठेक्का म्याद रहेसम्म नगरपालिकामा डिपोजिट रहिरहनेछ । म्याद समाप्त भएपछि मात्र फिर्ता दिईनेछ ।

२३ आफूले बुझाएको किस्ता पेश्की समाप्त हुने तोकिएको महिना अगाडी नै पुनः अर्को किस्ता बुझाई सक्नु पर्नेछ ।सो म्याद भित्र पेश्की किस्ता नबुझाई बसेमा ठेक्का खारेज गरि बोलपत्र साथ जम्मा भएको अर्नेष्ट मनि धरौटी पनि जफत गरिनेछ । त्यसरी ठेक्का खारेज भए गरेवाट नगरपालिकालाई हानी नोक्सानी भएमा सोको हर्जना समेत ठेकदारवाट असुल उपर गरिनेछ ।

२४ नगरपालिकाले तोकिदिएको स्थानमा बसि शुल्क असुल गरि आउदा उक्त शुल्क सम्बन्धी बादविबाद खडा भएमा नगरपालिकाले दिएको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

२५ ठेक्का पट्टा पुर्जि लिई सकेपछि आफ्नो तर्फवाट कर्मचारी राखी हाल रहेको पार्किङ्ग क्षेत्रमा वसि शुल्क उठाउनु पर्नेछ ।

२६ पार्किङ्ग भित्र प्रवेश शुल्क लिँदा रितपुर्वकको सवै विवरण यथार्थ खुलाई लेखि रसिद प्रमाण दिनु पर्नेछ ।

२७ पार्किङ्ग तथा शौचालय क्षेत्र भित्र एउटा सुझाव पेटीकाको व्यबस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

२८ पार्किङ्ग तथा शौचालय क्षेत्र भित्र रहेका संरचनाहरुको रङ्गरोगन तथा मर्मत संभार ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

२९ पार्क भित्र रहेका सेडको छुट्टा छुट्टै स्थानिय नामाकरण न.पा.ले तोके बमोजिम गर्नुपर्नेछ ।

३० पार्किङ्ग शुल्क दिने सवारीसाधनलाई उपलब्ध गराउने बिल/रसिदको पछाडी जानकारी मूलक सन्देश न.पा.ले तोकी दिए अनुसारको व्यबस्था गर्नुपर्नेछ ।

३१ पार्किङ्ग तथा शौचालय क्षेत्रमा ठेकदारको तर्फबाट कार्यरत कर्मचारीहरुको तलव तथा अन्य सुविधा ठेकेदार स्वयंले व्यवस्था गर्नुपर्नेछ ।

३२ पार्किङ्ग तथा शौचालय क्षेत्र भित्रका भौतिक संरचनाहरुको क्षति हुन गएमा ठेकेदार स्वयंले पुनः निर्माण तथा क्षतिपुर्ति ब्यहोर्नु पर्नेछ ।

३३ पार्किङ्ग तथा शौचालय क्षेत्र भित्र भौतिक संरचना पुनः निर्माण वा नयाँ निर्माण गर्नुपर्ने भएमा नगरपालिकाको निर्णय तथा प्राविधिक सहयोगमा गर्नुपर्नेछ ।

३४ ठेकेदारले कबोल गरेको रकम तीन किस्ता गरी निम्न समयतालिका बमोजिम भक्तानी गर्नुपर्नेछ

(१) पहिलो किस्ता रकम २५% मिति २०७४ साल आश्विन मसान्त सम्मम

(२) दोश्रो किस्ता रकम ५०% मिति २०७४ साल माघ मसान्त सम्ममा

(३) तेश्रो अन्तिम किस्ता रकम २५% मति २०७५ साल जेठ महिना सम्ममा

# धुलिखेल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

**अरनिको चोक पार्किङ्ग शुल्क तथा शौचालय संचालन कार्य वडा नं. ७ अड्डाबजार**

**सिलबन्दी बोलपत्र**

## मूल्य अंकित परिमाण (Bill of Quantity)

| सि.नं. | विवरण | एकाइ | कबोल अंक (कर बाहेक) रु. | | २०७४ साल भाद्र १ गते देखि ०७५ साल श्रावण मसान्त सम्म कूल कबोल अंक (कर बाहेक) रु. |
|---|---|---|---|---|---|
| | चोक सुधार पार्किङ्ग क्षेत्रमा सशुल्क उठाउने कार्य | एकमुष्ठ | अंकमा | अक्षरमा | |
| जम्मा कबोल रकम *अक्षरमा* रु. | | | | | |

*मूल्य अंकित परिमाण (**BOQ**) मा न्यूनतम अंक रु. १२५०००/- अक्षेरेपि* **एक लाख पच्चीस हजार** *रुपैया भन्दा कम अंक कबोल गरेमा उक्त बोलपत्र स्वत: अस्वीकृत हुनेछ ।*

धरौटी राखेको रकम रु.

विडबण्ड नं...........

बैक भौचर नं. र भौचरको मिति

विडबण्ड जारी गर्ने बैकको नाम र शाखा.............

विडबण्ड रकम रु............................

फर्म,संस्था वा कम्पनीको

प्रोपाइटरको नाम,थर............................................

दस्तखत.............................................

स्थायी ठेगाना...................................................

सम्पर्क टेलिफोन नं.............................................

मोवाइल नं....................................

इमेल .......................................

फर्म,,संस्था वा कम्पनीका छाप

मिति :

श्रीमान् कार्यकारी अधिकृत ज्यू,

धुलिखेल नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय |

त्यस नगरपालिकाको मिति २०७४/०४/१२ गते **चोक सुधार** पार्किङ्ग तथा शौचालय शुल्क वडा नं.७ को प्रकाशित सूचना अनुसार **पार्किङ्ग तथा शौचालय शुल्क उठाउने कार्य सम्बन्धि शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना** बमोजिम सार्वजनिक नीजि साझेदारी अवधाण अनुरुप आ.व. ०७४ साल भाद्र १ गते देखि नगरपालिकाले अर्को व्यवस्था नगरेसम्मको लागी ठेक्कामा लिई ईच्छुक भएकोले निम्न विवरण खोली यो शिलबन्दी बोलपत्र पेश गरेको छु ।

**फर्म,संस्था वा कम्पनीको**

प्रोपाइटरको नाम,थर............................................

दस्तखत..............................................

स्थायी ठेगाना...................................................

सम्पर्क टेलिफोन नं...............................................

मोवाइल नं....................................

इमेल ........................................

फर्म,,संस्था वा कम्पनीका छाप